# खुम्बु पासाङल्हामु गाउँपालिका

# दुग्ध उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम

# कार्यविधि २०८२

चौरीखर्क सोलुखुम्बु कोशी प्रदेश नेपाल

प्रमाणिकरण मितिः २०८२।०९।२२

## प्रस्तावनाः

खुम्वु पासाङल्हामु गाउँपालिका पशुपंक्षी विकासको क्षेत्रमा निरन्तर सक्रिय रहदै आएको छ । कृषकले उत्पादन गरेका कृषि तथा पशुपंक्षी उपजको लागत न्युनिकरण गरी उत्पादित वस्तुलाई वजार प्रतिस्पर्धी वनाउदै कृषकलाई नियमित प्रोत्साहन गरि उत्पादन वृद्धि गराउनुपर्ने आवश्यकता छ ।तसर्थ पशुपालन पेशालाई प्रोत्साहन गरि उत्पादनलाई व्यवसायिकरण गर्दै वास्तविक कृषकहरु विचमा प्रतिफलको पहुच पुर्याउने अभिप्रायले दुग्ध उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम कार्यान्वयन गर्न खुम्वु पासाङल्हामु गाउँपालिकाले यो कार्यविधि वनाएको छ ।

परिच्छेद १

प्रारम्भ

**१.प्रारम्भ**

(१) यो कार्यविधिको नाम "दुग्ध उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रमको कार्यविधि, "२०८२" रहने छ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

२.परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्य विधिमा,

क. "दुग्ध उत्पादक" भन्नाले नाफा कमाउने उद्देश्यले दुध उत्पादनको लागि पशुवस्तु पाल्ने कृषक/फार्म संचालक/संस्था संचालक सम्झनुपर्दछ ।

ख. "अनुदान" भन्नाले व्यवसाय प्रोत्साहन गर्ने गाउँपालिकाले प्रदान गरेको रकमलाई सम्झनु पर्छ ।

ग. "दुध उत्पादन" भन्नाले पशु वस्तुवाट उत्पादन भएको एक पोषक सेतो तरल पदार्थलाई सम्झनुपर्दछ ।

## परिच्छेद-२

अनुदानको क्षेत्र

**३.अनुदानका क्षेत्रः** गाउँपालिका भित्र व्यवसायीक पशुपालन गर्ने संस्था,समुह,फार्म र कृषकहरु रहनेछन्।

**४.अनुदान रकम निर्धारण सम्बन्धी व्यवस्थाः**

(१) अनुदान रकम कार्यविधि र कार्यपालिकाले तोकेबमोजिम हुनेछ।

२)अनुदानको रकम अनुदान प्रास गर्ने संस्था,समुह,फार्म, वा कृषकको वैंक खातामा जम्मा गरिनेछ।

पासाङल्हामु गाउँपालिका
गाउँपालिकाको कार्यालय
सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

CamScanner

५.कार्यक्रम संचालन प्रक्रियाः

(१)दुग्ध उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रमलाई लक्षित गरी अनुसुचि १ को ढाचाँमा प्रस्ताव आहवान गरिनेछ।

(२)दुग्ध उत्पादक समुह,फर्म व्यक्तिले तोकिएको म्याद भित्र अनुसुची २ ढाँचामा सम्बन्धित वडामा आवेदन दिनुपर्नेछ। यस कार्यक्रममा सम्मिलित हुन चाहने समुह,फर्म,कृषकलले दफा ६ बमोजिम मापदण्ड पुरा गरेको हुनुपर्नेछ।

३)दुग्ध उत्पादन समुह,फार्म,कृषकबाट आएका आवेदनहरुलांई प्रोत्साहन व्यवस्थापन आर्थिक विकास समितिले आवश्यकता अनुरसार स्थलगत निरिक्षण गरि स्वीकृत गर्नेछ ।

४)अनुदानको लागी छनौट भएका दुग्ध उत्पादक समुह,फार्म वा व्यक्तिसंग वडाले अनुसुचि ३ बमोजिम सम्झौता गर्नेछ ।

५)सम्झौता पछी छनौट भएका दुग्ध उत्पादक समुह,फार्म वा कृषकहरुलाई कार्यालयबाट बिनियोजित बजेटको परिधि भित्र रहि उक्त समुह,फार्मको सदस्यको र कृषकको बैंक खातामा प्रोत्साहन रकम उपलब्ध गराउनेछ।

६)प्रोत्साहन रकम प्राप्त गर्नको लागी समुह,फार्म तथा कृषकमध्ये दुध उत्पादन वार्षीक रुपमा गाई भैसी को लागि ८०० लिटर र नाक चौरीगाईको हकमा बार्षिक ५०० लि. भएको आधारमा आर्थिक विकास समितिले तोके बमोजिम अनुदान वितरण गरिनेछ।

७) समुह/फार्म/कृषकले अनुसुची ४ को विवरण भर्नुपर्नेछ।

**८.दुग्ध उत्पादक समुह,फार्म,व्यक्तिको मापदण्डः** दुग्ध उत्पादक समुह,फार्म,व्यक्तिको मापदण्ड देहाय बमोजिम हुनेछन्।

क)चौरी तथा नाकको हकमा दुध उत्पादन वार्षिक ५०० लि.भन्दा माथी उत्पादन हुनुपर्ने,

ख)गाई तथा भैसीको हकमा दुध उत्पादन वार्षक ८००लिटर भन्दा माथी हुनु पर्ने,

ग)कम्तिमा दुध दिने नाक तथा चौरीको हकमा पशु वस्तुको संख्या १० भन्दा माथी हुनुपर्ने दुध दिने गाई तथा भैसीको हकमा पशु वस्तुको सङ्ख्या ३ भन्दा माथी हुनुपर्ने,

घ)पशु पहिचाहनको लागि गाउँपालिकाको ट्याग वा बिमा गरेको ट्याग मध्ये १ अनिवार्य हुनुपर्नेछ ।

**९.अनुदान प्राप्त गर्न पुरा गर्नुपर्ने दायित्वः** अनुदान प्राप्त गर्न देहाय अनुसारको दायीत्व पुरा गरेको हुनु पर्नेछ।

क)उत्पादनको स्थितिका बारेमा पालिकालाई समय समयमा जानकारी गराएको,

ख)आर्थीक कारोबार बैंक मार्फत गरेको,

ग)उत्पादन हुने वस्तुको परिमाण र गुणस्तरका सम्बन्धमा सम्बन्धीत प्राविधिक र आर्थीक विकास समितिले निरिक्षण गरी सम्बन्धित प्राविधिकले प्रमाणीत गरेको,

घ)उत्पादन र बिक्रिको स्पष्ट अभिलेख भएको,

## परिच्छेद-३

## उत्पादित वस्तुको गुणस्तर

**१०.उत्पादित वस्तुको गुणस्तर सम्बन्धी व्यवस्थाः** उत्पादित गुणस्तर सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनु पर्नेछ।

क। दुग्धजन्य उत्पादन बिक्रि गर्दा पानि लगायत मानव स्वास्थ्यमा प्रतिकुल असर पर्ने केमिकल मिसावट नगरिएको,

ख।दुध उत्पादन धेरै मात्रामा भएको

ग। उत्पादन गरिने क्षेत्रमा गाउँपालिकाले निरिक्षण गरी गुणस्तर प्रमाणित भएको

**११.कार्यक्रमको विस्तार वा स्थगन सम्बन्धी व्यवस्थाः** गाउँपालिकाले कार्यक्रमको उपलब्धी र प्रभावकारिता हेरेर विस्तार वा स्थगन गर्न सक्नेछ।

**१२.सजायः** व्यवसायिले अरुले उत्पादन गरेका वस्तुहरु देखाई अनुदान लिएको प्रमाणित भएमा अनुदान फिर्ता गराई गाउँपालिकाबाट कुनै प्रकारको अनुदान उपलब्ध गराउने छैन।

**१३.संसोंधनः** गाउँपालिकाले कार्यविधि संसोधन गर्न सक्नेछ।

**१२.खारेजी र बचाउः** यो कार्यविधि लागु हुनु अघी भए गरेको कार्य यसै बमोजिम भए गरेको मानिनेछ।

*अनुसुची-१*

दफा ५ को उपदफा (१) सँग सम्वन्धित

कार्यक्रम संचालनको लागी प्रस्ताव आह्वानको ढाँचा

खुम्वु पासाङल्हामु गाउँपालिका लेटर हेड

सुचना नं...........

.........कार्यक्रम संचालनको लागी आवेदन/प्रस्ताव पेश गर्ने सम्वन्धी सुचना

(प्रथम पटक प्रकाशन गरिएको मिति................)

खुम्वु पासाङल्हामु गाउँपालिकाको आ.व.................................... को वार्षीक स्वीकृत कार्यक्रम अनुसार दुग्ध उत्पादन प्रोत्साहन कार्यक्रममा सहभागी हुन इच्छुक आवेदकहरुले यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले १५(पन्ध्र) दिनभित्र यस गाउँपालिकाको कार्यालय वा आफ्नो वडा कार्यालयमा तपसिल बमोजिमका कागजात संलग्न राखि निवेदन पेश गर्नुहुन सम्बन्धित सवै (कृषक, समुह,फार्म,) को जानकारीको लागी यो सुचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ संलग्न गर्नुपर्ने निवेदनको ढाँचा तथा संलग्न गर्नुपर्ने कागजात यस कार्यालय वा सम्वन्धित वडा कार्यालयबाट प्राप्त गर्न सकिनेछ।

आवश्यक कागजातहरु:

१.कार्यक्रमको लागी तोकिएको ढाँचामा निवेदन।

२.नागरिकताको प्रतिलिपि ।

३.फार्म वा समुह संस्थाकोहकमा दर्ता/नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि।

अनुसुचि २

दफा ५ को उपदफा २ सँग सम्बन्धित

दुग्ध उत्पादक कृषकलाई उत्पादकको आधारमा प्रोत्साहन कार्यक्रममा गाउँपालिकाले दिने आवेदन पत्र/निवेदनको ढाँचा

मितिः.............

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यु,
खुम्बु पासाङल्हामु गाउँपालिकाको कार्यालय,
चौरिखर्क,सोलुखुम्बु

विषयः कार्यक्रम संचालनको लागी निवेदन पेश गरेको सम्वन्धमा।

प्रस्तुत विषयमा ताहाँ कार्यलयको मिति ............. मा प्रकाशित भएको सुचना अनुसार दुग्ध उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रममा सहभागी हुन ईच्छुक भएकाले कार्यालयले उल्लेख गरेका मापदण्ड र शर्तहरुको अधिनमा रही कार्यक्रम संचालन गर्न निम्न बमोजिमका आवश्यक कागजातहरु संलग्न गरी यो प्रस्ताव सहितको निवेदन पेश गरेका छु/छौं।

संलग्न कागजातहरु:

| विवरण | छ | छैन |
|---|---|---|
| प्रस्तावकको निवेदन | | |
| दर्ता/नविकरण भएको प्रमाण पत्रको प्रतिलिपी | | |
| नेपालि नागरिकताको प्रमाण पत्रको प्रतिलिपी | | |
| दुग्ध उत्पादक समुह फार्म कृषकको विवरण | | |

निवेदक
नाम थर
ठेगाना
सम्पर्क नं.

CamScanner

अनुसुची ३

दफा ५ को उपदफा ४ सँग सम्बन्धित

## दुग्ध उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रमको सम्झौता पत्र

खुम्बु पासाङल्हामु गाउँपालिकाको आ.व............................ को स्वीकृत कार्यक्रम अनुसार दुग्ध उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम संचालन गर्न खुम्बु पासाङल्हामु गाउँपालिकाको कार्यालय (यस पछी प्रथम पक्ष भनिने) र खुम्बु पासाङल्हामु गाउँपालिका वडा नं......मा रहेको .............. का संचालक श्री............................( यस पछी दोस्रो पक्ष भनिने) का बिच तपशिल बमोजिमका शर्तहरु परिपालना गर्ने गरी यो सम्झौता गरिदियौं/लियौं।

तपशिल:

१प्रथम पक्षले दोस्रो पक्षलाई स्वीकृत भए अनुसारको रकम प्रति लिटर नाक/चौरि गाईको लागी रु. १५ (पन्ध्र), उन्नत/स्थानिय जातका गाईको रु ८(आठ), भैंसिको रु.१०(दश) का दरले दोस्रो पक्षलाई दुग्ध-उत्पादक समुह,फार्म,व्यक्तिको बैंक खातामा एकमुष्ट रुपमा एकाउण्ट चेक मार्फत जम्मा गरिदिनेछ।

२.दोस्रो पक्षले वडा समितिका सदस्य समेतको उपस्थितिमा कार्यसमिति बैठक बसी मापदण्ड तयार पारी कृषकलाई कुनै भेदभाव नहुने गरी मापदण्ड बमोजिम अनुदान रकमको लागी कृषकको नाम सिफारिस गर्नुपर्नेछ।( समुह संस्था भएको अवस्थामा)

३.प्रोत्साहन रकम वितरण कार्य पारदर्शी तथा प्रभावकारी कार्यान्वयनको लागी दोस्रो पक्षले जिम्मेवारी लिनुपर्नेछ।

४.दोश्रो पक्षले आफ्नो पशुवस्तुलाई नियमित रुपमा पशु खोप लगाउने, परजिवी नियन्त्रण गर्ने, थुनेलो लगायत अन्य रोग लागेको र औषधी उपचार गरि रहेको अवस्थाको अखाध दुध बिक्रि वितरण नगरेको, फार्ममा जैविक सुरक्षाको व्यवस्था मिलाउने, तोकिए अनुसारको सफा दुधको उत्पादन ढुवानी लगायतका कार्यहरु गर्नुपर्नेछ ।

५.दोश्रो पक्षले यो सम्झौता बमोजिमका कार्य नगरेमा वा उपलब्ध श्रोत साधनको दुरुपयोग गरेमा प्रथम पक्षले जुनसुकै समयमा एक तर्फि रुपमा सम्झौता भंग गरी प्रचलित कानुन बमोजिम प्रोत्साहन रकम असुल उपर गर्न सक्नेछ।

६. दोश्रो पक्षले उत्पादन स्थल देखि आफुले बिक्रि गर्ने स्थान सम्म सफा स्वस्थ्य र गुणस्तर युक्त दुधको कारोबारको पुर्ण व्यवस्था गर्नु पर्ने छ ।

७.यस सम्झौतामा उल्लिखित कुराहरु यसै बमोजिम तथा अन्य कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

८. दोश्रो पक्षले पेश गरेका विवरणहरु वास्तविक र सत्य हुनुपर्नेछ । यस कृषि समुह फार्म कृषकले पेश गरेको विवरण प्राप्त प्रोत्साहन रकम सम्बन्धित निकायबाट जाँच हुँदा यदि झुट्टा ठहरिएमा दोश्रो पक्षलाई प्रचलित कानुन बमोजिम असुल उपर गरि नियमानुसारको कार्वाही गर्न प्रथम पक्षले सिफारिस गर्न सक्नेछ ।

पहिलो पक्षको तर्फबाट

दस्तखतः

नामः

पदः

कार्यालय.

दोस्रो पक्षको तर्फबाट

दस्तखतः

नामः

सम्पर्क नं.

ठेगानाः

ईति सम्वत् २०......... साल......... महिना........ गते रोज.......... शुभम्।

अनुसुची ४

दफा ५को उपदफा ७ संग सम्बन्धित

उत्पादक कृषकलाई उत्पादकको आधारमा प्रोत्साहन कार्यक्रममा सहभागी हुने दुग्ध उत्पादक समुह,फार्म,कृषकको विवरणः

१.समुह/फार्म/कृषकको नामः

२.ठेगानाः

३.कुल दुध दिने पशुवस्तुको सङ्ख्याः

४.गत वर्षको कुल दुध संकलन लिटरमाः दैनिक....................मासिक..............वार्षीक...............लि.

५.गत वर्षको अधिकतम दुध संकलन महिना र परिमाणः................महिना...............लि.

६.दुध वा दुग्ध पदार्थ बिक्रि वितरण भएको/नभएको......

७.बिक्रि वितरण गर्न बजार/स्थल...................

८.दुग्ध उत्पादक समुह/फार्म/कृषकको खाताको विवरणः

| क्र.सं | नाम/थर | ठेगाना | संकलित दुध | दर | जम्मा पाउने रकम | बैंकको नाम | खाता नम्बर |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

आज्ञाले

नवराज गौतम

प्रमुख प्रशासकीय अधिकृत